# नेपाली कांग्रेसको विधान, २०१७

*(२०५१, २०५४ र २०५७ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा)*




नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

**प्रकाशक**
नेपाली कांग्रेस
केन्द्रीय कार्यालय, काठमाडौँ
नेपाल
टेलिफोन २२७७४८, २२६७६१  याक्स २२७७४७
**e-mail: ncparty@mos.com.np**
**Internet Access: www.nepalicongress.org.np**

**नेपाली कांग्रेस दशौं महाधिवेशनद्वारा २०५७ माघ ७ गते संशोधित र २०५८ आश्विन २१ गते प्रकाशित**

**मूल्य :** रु.१५÷-

**© नेपाली कांग्रेस केन्द्रीय कार्यालय**

मुद्रक
**सङ्क्रान्ति प्रेस**
महाराजगञ्ज, चक्रपथ, काठमाडौँ
✆ ३७११४२

गिरिजा प्र. कोइराला

# नेपाली कांग्रेसको विधान, २०१७

*(२०५१,२०५४ र २०५७ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा)*

**प्रस्तावना**: जननायक बी.पी. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसका बीच सम्पन्न एकीकरणपश्चात् नेपाली कांग्रेसको नामबाट सङ्गठित र सञ्चालित यस पार्टीले सशस्त्र आन्दोलनद्वारा जहानियाँ राणा शासनको अन्त्य गरी वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,

असङ्ख्य शहीदहरूको रगतले सिञ्चित नेपाली जनताको स्नेह एवं विश्वासले पोषित क्रान्तिकारी पार्टीका हैसियतले वि.सं. २०१५ सालको प्रथम आमनिर्वाचनमा विजयी भएर सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गर्दा गर्दै वि.सं.२०१७ मा बलात् प्रजातन्त्र अपहरित भएपछि वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिबन्धात्मक रूपमा रही प्रजातन्त्र पुन:स्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध गरेका अनवरत सङ्घर्षलाई सम्झदै,

वि.सं. २०४६ सालमा यही पार्टीको आव्हान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा जन-आन्दोलन गरी प्रजातन्त्रको पुन:स्थापना गर्न सफल भएपश्चात् नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा प्रतिष्ठापित गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानप्रति गर्व गर्दै,

नेपाली कांग्रेसले आ नो जन्मकालदेखि प्रतिपादन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिबद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन,

राष्ट्रियता र प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी सामाजिक, राजनीतिक र आर्थिक विकास गर्ने पुनीत उद्देश्यले नेपाली कांग्रेसलाई एकताबद्ध, सुसङ्गठित र सक्षम राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि, नेपाली कांग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यवहारिक र वैज्ञानिक बनाउन परिमार्जनसहित संशोधन गर्न आवश्यक भएकाले,

नेपाली कांग्रेसको आठौं महाधिवेशन, २०४८ ले दिएको अधिकार प्रयोग गरी पोखरामा सम्पन्न महासमितिको बैठकले (२०५१ फागुन २३ का दिन) पारित गरेको संशोधित विधानलाई नेपाली कांग्रेसको नवौं महाधिवेशन, २०५३ ले दिएको

अधिकार प्रयोग गरी नेपालगञ्जमा बसेको महासमितिको बैठकले (२०५४ कात्तिक ७ का दिन) यो संशोधित विधान पारित गरेको छ साथै नेपाली कांग्रेसको पोखरामा सम्पन्न दशौं महाधिवेशनले (२०५७ साल माघ ७ गते) **नेपाली कांग्रेसको विधान**, २०१७ मा तेस्रो संशोधन गरी लागू गरेको छ ।

# परिच्छेद – १
## प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यस विधानको नाम “नेपाली कांग्रेसको विधान, २०१७” संशोधन र परिमार्जन गरीएको ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(४) नेपाली कांग्रेस पार्टीको सम्पूर्ण काम कारवाई यसै विधानमा लेखिएअनुसार हुनेछ ।

२. **उद्देश्यः** राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली कांग्रेसको उद्देश्य हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-

(१) “क्षेत्र” भन्नाले गाउँ, नगर, जिल्ला, संसदीय निर्वाचन क्षेत्र र विकास क्षेत्र भन्ने बुझाउनेछ ।

(२) “सदस्य” भन्नाले यसै विधानअनुसारका साधारण र क्रियाशील सदस्य भन्ने बुझाउनेछ ।

(२)(क) “पदाधिकारी” भन्नाले नेपाली कांग्रेसको केन्द्रीय सभापतिलाई बुझाउने छ र सो शब्दले जिल्ला कार्यसमितिको सभापति र निर्वाचित महासमिति सदस्य समेतलाई जनाउनेछ ।

(३) “निकाय” भन्नाले यस विधानअनुसार व्यवस्थित पार्टीका कुनै पनि तह, विभाग वा संस्थाहरूलाई समेत बुझाउनेछ ।

(४) “भ्रातृसंस्था” भन्नाले नेपाली कांग्रेसको उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई बुझाउनेछ ।

(५) “शुभेच्छुक संस्था” भन्नाले पार्टीसँग आबद्ध नरहेका तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने प्रजातान्त्रिक सङ्घ, संस्था र समूहलाई जनाउनेछ ।

(६) "पार्टी" (दल) भन्नाले नेपाली कांग्रेस पार्टीलाई बुझाउनेछ ।

(७) "संसदीय दल" भन्नाले नेपाली कांग्रेस पार्टीको संसदीय दललाई बुझाउनेछ ।

(८) "पार्टीका सांसद" भन्नाले प्रतिनिधि सभा र राष्ट्रिय सभामा पार्टीका तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्य र कानूनबमोजिम पार्टीमा समावेश हुन आएका अन्य सांसदहरूसमेतलाई जनाउँछ ।

(९)"केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(१०)"नियमावली" भन्नाले यस विधानबमोजिम केन्द्रीय कार्यसमितिले बनाएको नियमावलीलाई बुझाउनेछ ।

(११)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ ।

## परिच्छेद – २
## सदस्यता

४. **सदस्यता र सदस्यताको दर्ता किताबः** (१) नेपाली कांग्रेसको विधान मानी पार्टी अनुशासनभित्र रहन मञ्जूर गर्ने १८ वर्ष पुगेको कुनै पनि नेपाली नागरिकले रु.५÷- (पाँच) शुल्क बुझाई साधारण सदस्य बन्न सक्नेछ ।

(२) क्रियाशील सदस्यताका लागि देहायबमोजिम योग्यता पुगेको साधारण सदस्यले क्षेत्रीय कार्यसमितिमा नियमावली बमोजिम आ नो गाउँ वा नगर कार्यसमिति मार्फत आवेदन दिनुपर्नेछ । तर छुट्टा छुट्टै संसदीय निर्वाचन क्षेत्रमा नगरका वडाहरू परेको भए नगर वडा कार्यसमिति मार्फत क्षेत्रीय कार्यसमितिमा आवेदन दिनुपर्नेछ–

(क) पार्टीको कार्यमा दैनिक रूपमा संलग्न रही लगातार दुई वर्ष साधारण सदस्य रहेको ।

(ख) कुनै भ्रातृसंस्था वा शुभेच्छुक संस्थाको साधारण सदस्य भई लगातार चार वर्ष सक्रियतापूर्वक काम गरेको ।

(३) नेपाली कांग्रेसको गाउँ, नगर वडा कार्यसमिति वा नगर कार्यसमितिले पार्टीले निर्धारित गरेको नियम र प्रक्रियाअनुसार साधारण सदस्यता दिन र नवीकरण गर्नुपर्नेछ ।

(४) गाउँ वा नगर वा नगर वडा कार्यसमितिले प्रस्तावित गरेको साधारण सदस्यलाई क्षेत्रीय कार्यसमितिको सिफारिसमा जिल्ला कार्यसमितिले अनुमोदन गरेको र केन्द्रीय सभापति वा महामन्त्रीले उपयुक्त ठानेको साधारण सदस्यलाई रु. १००÷- (एक सय) शुल्क लिई केन्द्रले क्रियाशील

सदस्यता दिनेछ ।

(क) क्रियाशील सदस्यताका लागि देहायका आधारमा सिफारिस गर्नुपर्नेछ–

(१) पार्टीको उद्देश्य, नीति र कार्यक्रमलाई निरन्तर सघाउ पुऱ्याउँदै विभिन्न कष्ट, यातना, जेल एवं निर्वासन भोगेको ।

(२) पार्टी र भ्रातृसंस्थाको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय रहेको ।

(३) निर्वाचनहरूमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको ।

(ख) तोकिएको शुल्क लिई क्रियाशील सदस्यताको प्रमाणपत्रमा नवीकरण गर्ने काम जिल्ला कार्यसमितिले गर्नेछ । क्रियाशील सदस्यता नवीकरण गर्दा उपधारा (४) को खण्ड (क) मा उल्लेखित आधारहरुका अतिरिक्त देहायका आधारमा गर्नुपर्नेछ ।

(१) आफू जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउने रकम तथा सम्पत्ति नबुझाएकोमा कारवाही भएको रहेछ भने सम्बन्धित निकायले कारवाहीको टुङ्गो लगाएको हुनुपर्नेछ ।

(२) जिल्ला, क्षेत्र, गाउँ, नगर वा नगर वडा अधिवेशनमा काबु बाहिरको परिस्थिति आइपरेमा बाहेक भाग लिएको हुनुपर्नेछ ।

(५) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा शुभेच्छुक वा पार्टीका शुभेच्छुकलाई केन्द्रीय कार्यसमितिले पार्टीको क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ । यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिहरुले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ । यस धारा बमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरुको अभिलेख सम्बन्धित जिल्लामा पठाइनेछ ।

(६) पार्टीको भ्रातृसंस्थाको सदस्य र शुभेच्छु सङ्घ संस्था र व्यक्तिले पनि पार्टीले निर्धारित गरेको सहयोग शुल्क बुझाउन सक्नेछन् । यसप्रकार नियमित सहयोग शुल्क बुझाउनेहरूको व्यवस्थित अभिलेख तोकिएबमोजिम राखिनेछ ।

(७) पार्टीका साधारण र क्रियाशील सदस्यहरूको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताव तथा पार्टीसम्बन्धी अन्य आवश्यक अभिलेख केन्द्रीय कार्यसमितिले तोके बमोजिम राखिनेछ ।

(८) क्रियाशील सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्दा अपनाउनुपर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(१०) पार्टीको क्रियाशील सदस्यता जुनसुकै समयमा पनि प्रदान गर्न सकिनेछ । तर महाधिवेशनको मितिभन्दा १ वर्ष पहिलेसम्म क्रियाशील सदस्यता प्राप्त गरेका वा क्रियाशील सदस्यता नवीकरण गरेका व्यक्तिले मात्र पार्टीको निर्वाचनमा भाग लिन पाउनेछ । त्यस्ता सदस्यको नाम मात्र मतदाता नामावलीमा समावेश गरिनेछ ।

(११) क्रियाशील सदस्यले आ नो सदस्यता नेपाल अधिराज्यको कुनै पनि गाउँ वा नगरको वडामा स्थानान्तरण गर्न र पार्टीको निर्वाचनमा भाग लिन सक्नेछ । तर पार्टीको कुनै तहको निर्वाचनको मितिभन्दा छ महिना अघि स्थानान्तरण नभएकाले निर्वाचनमा भाग लिन पाउने छैन ।

## परिच्छेद – ३
## गाउँ, नगर, क्षेत्रीय र जिल्ला अधिवेशन र कार्यसमिति

५. **गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको गठन**: गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको गठन देहायबमोजिम हुनेछः–

(१) गाउँ अधिवेशन गठन गर्ने प्रयोजनका लागि गाउँ विकास समितिको क्षेत्रलाई गाउँ अधिवेशन तथा गाउँ सम्मेलनको क्षेत्र मानिनेछ ।

(२) प्रत्येक गाउँ विकास समितिमा गाउँ अधिवेशनले गाउँ कार्यसमितिको गठन गर्नेछ ।

(३) गाउँ अधिवेशनको क्षेत्रभित्रका सबै क्रियाशील सदस्यहरू गाउँ अधिवेशनका सदस्य हुनेछन् ।

(४) गाउँ अधिवेशनले क्रियाशील सदस्यहरूमध्ये गाउँ कार्यसमितिका लागि सभापति र क्षेत्रीय अधिवेशनका लागि एक जना महिला प्रतिनिधि सहित चार जना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ ।

(५) गाउँ विकास समितिका प्रत्येक वडाका क्रियाशील र साधारण सदस्यहरू मिलेर आफूमध्येबाट गाउँ कार्यसमितिका लागि एक-एक जना वडा सदस्यको निर्वाचन गर्नेछन् । यसरी निर्वाचित सदस्य नै सम्बन्धित वडाको सभापति हुनेछ ।

(६) उपधारा (४) बमोजिम निर्वाचित सभापतिले गाउँ कार्यसमितिका लागि क्रियाशील सदस्यहरूमध्येबाट बढीमा सात जना सदस्यहरू मनोनीत

गर्नेछ ।

(७) उपधारा (४), (५) र (६) बमोजिमका क्रियाशील सदस्यहरूमध्येबाट सभापतिले उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष मनोनीत गर्नेछ ।

(८) उपधारा (४) बमोजिम निर्वाचित चार जना क्षेत्रीय प्रतिनिधिहरू गाउँ कार्यसमितिको सदस्य हुनेछन् ।

(९) पार्टीका सांसद वा पछिल्लो आमनिर्वाचनमा प्रतिनिधि सभाका लागि उम्मेदवार भएको व्यक्तिको जुन गाउँ विकास समितिको मतदाता नामावलीमा नाम छ, त्यस गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको पदेन सदस्य हुनेछन् । त्यस्ता सदस्यले मतदानको अधिकार प्राप्त गर्नेछन् ।

(१०) गाउँ कार्यसमितिको सभापति गाउँ अधिवेशनको पनि सभापति हुनेछ ।

(११) गाउँ कार्यसमितिले प्रत्येक वर्ष गाउँ सम्मेलन गर्नुपर्नेछ । गाउँ अधिवेशनका सदस्य गाउँ सम्मेलनका पनि सदस्य हुनेछन् ।

(१२) गाउँ कार्यसमितिको सभापति गाउँ सम्मेलनको पनि सभापति हुनेछ ।

(१३) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षदेखि बाहेक अन्य वर्षहरुमा गाउँ सम्मेलन बस्नेछ । गाउँ सम्मेलनले निर्वाचन बाहेक गाउँ अधिवेशनले गर्ने सबै काम गर्नेछ । गाउँ सम्मेलनले विभिन्न कार्यक्रम समेत स्वीकृत गर्नेछ ।

६. **नगर अधिवेशन तथा नगर सम्मेलन र नगर कार्यसमितिको गठनः** (१) नगर अधिवेशन गठन गर्ने प्रयोजनका लागि नगरपालिकाको क्षेत्रलाई नगर अधिवेशनको क्षेत्र मानिनेछ ।

(२) प्रत्येक नगरपालिकामा नगर अधिवेशनको कार्यकारिणीका रूपमा नगर कार्यसमिति गठन हुनेछ ।

(३) नगर अधिवेशनको क्षेत्रभित्र बस्ने सबै क्रियाशील सदस्यहरू नगर अधिवेशनका सदस्य हुनेछन् ।

(४) नगर अधिवेशनका सबै क्रियाशील सदस्यहरूले आफूमध्येबाट नगर कार्यसमितिको सभापतिको निर्वाचन गर्नेछन् ।

(५) नगरपालिकाका प्रत्येक वडाका नगर अधिवेशनका सदस्यहरूले आफूमध्येबाट क्षेत्रीय अधिवेशनका लागि महानगरपालिकाबाट एक जना महिला सहित तीन जना, उपमहानगरपालिका र नगरपालिकाबाट एक जना महिला प्रतिनिधि सहित दुई जना प्रतिनिधि र प्रत्येक वडामा एक जना वडा सभापतिको निर्वाचन गर्नेछ र नगर वडा सभापति नगर कार्यसमितिको पनि सदस्य हुनेछ ।

(६) उपधारा (४) बमोजिम निर्वाचित सभापतिले नगर कार्यसमितिका लागि क्रियाशील सदस्यहरूमध्येबाट बढीमा नौ जनासम्म सदस्यहरू मनोनीत गर्नेछ ।

(७) उपधारा (५), (६) बमोजिम नगर कार्यसमितिका लागि छानिएका सदस्यहरूमध्येबाट सभापतिले उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष मनोनीत गर्न सक्नेछ ।

(८) नगर वडा सभापतिले साधारण तथा क्रियाशील सदस्यहरूमध्येबाट बढीमा १५ जनासम्म नगर वडा कार्यसमितिमा मनोनीत गर्न सक्नेछ । कार्यसमितिमा रहेका क्रियाशील सदस्यहरूमध्येबाट उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष मनोनीत गर्न सक्नेछ । क्षेत्रीय प्रतिनिधिहरू वडा कार्यसमितिको पदेन सदस्य रहनेछ । नगर वडा कार्यसमितिले आवश्यकता अनुसार टोल समितिहरू गठन गर्न सक्नेछ ।

(९) पार्टीका सांसद वा पछिल्लो आमनिर्वाचनमा प्रतिनिधिसभाका लागि उम्मेदवार भएको व्यक्तिको जुन नगरपालिकाको मतदाता नामावलीमा नाम छ, त्यस नगर अधिवेशन तथा नगर सम्मेलन र नगर कार्यसमितिको पदेन सदस्य हुनेछ । सदस्यलाई मतदानको अधिकार रहनेछ ।

(१०) नगर कार्यसमितिको सभापति नगर अधिवेशन तथा नगर सम्मेलनको सभापति हुनेछ । नगर वडा कार्यसमितिको सभापति नगर वडा अधिवेशन तथा नगर वडा सम्मेलनको सभापति हुनेछ ।

(११) नगर कार्यसमितिले नगर सभापतिको अध्यक्षतामा कार्यसमितिका उपसभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र बढीमा चार जनासम्म कार्यसमितिका सदस्यहरु रहेको नगर कार्य सम्पादन समिति गठन गर्न सक्नेछ ।

(१२) प्रत्येक वर्ष नगर तथा नगर वडा सम्मेलन बस्नेछ । नगर तथा नगर वडा अधिवेशनका सदस्य नगर तथा नगर वडा सम्मेलनका सदस्य हुनेछन् ।

(१३) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षदेखि बाहेक अन्य वर्षहरुमा नगर तथा नगर वडा सम्मेलन बस्नेछ । नगर तथा नगर वडा सम्मेलनले निर्वाचन बाहेक नगर तथा नगर वडा अधिवेशनले गर्ने सबै काम गर्नेछ । साथै नगर तथा नगर वडाको वार्षिक कार्यक्रम स्वीकृत गर्नेछ ।

७. **गाउँ, नगर वडा वा नगर अधिवेशन तथा नगर वडा तथा नगर सम्मेलन र कार्यसमितिको काम, कर्तव्य र अधिकार**ः (१) गाउँ वा नगर अधिवेशनले सङ्गठनसम्बन्धी कामका साथै गाउँ, नगर वडा वा नगर कार्यसमितिको प्रतिवेदन र समसामयिक विषयमा छलफल गरी आवश्यक मूल्याङ्कन र निर्णय गरी गाउँ, नगर वडा वा नगर कार्यसमितिलाई आवश्यक निर्देशन

दिनेछ ।

(२) गाउँ, नगर वडा वा नगर कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) गाउँ वा नगर कार्यसमितिले आ नो क्षेत्रभित्रका सम्बन्धित वडा सभापतिको अध्यक्षतामा गाउँ वडा कार्यसमितिको गठन गर्ने र आवश्यकता अनुसार टोल समितिहरू गठन गर्ने । उक्त समितिहरूको काम, कर्तव्य र अधिकार तोक्ने ।

(ख) गाउँ, नगर वडा वा नगर स्तरका भ्रातृसंस्था र शुभेच्छुक संस्थाहरूलाई सहयोग पुऱ्याउने र आवश्यक समन्वय गराउने ।

(ग) पार्टी निर्देशनको पालना गर्ने र कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने ।

(घ) छिमेकी गाउँ वा नगर अधिवेशन वा कार्यसमिति र भ्रातृसङ्गठनका एकाइहरूसँग सम्पर्क र सहयोग कायम गर्ने ।

(ङ) पार्टीका क्रियाशील सदस्यहरूको क्रियाकलापबारे क्षेत्रीय कार्यसमितिमा प्रत्येक छ महिनामा नियमित प्रतिवेदन पठाउने ।

(च) समय समयमा पार्टी कार्यकर्ताको भेला, राजनीतिक प्रशिक्षण, गोष्ठी, भ्रमण जस्ता कार्यक्रमको सञ्चालन गर्ने ।

(छ) स्थानीय जनताका आवश्यकता र अप्ठ्याराहरूको समाधान गर्न सक्रिय रूपले सहयोगी रहँदै गाउँ विकास समिति वा नगरपालिकासँग समेत समन्वय राखी स्थानीय विकास, वातावरण संरक्षण आदि कार्यमा संलग्न रहने ।

(ज) स्थानीय धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।

(झ) पर्यटनस्थल, सार्वजनिक उद्यान एवं विश्रामस्थलहरूको संरक्षण निम्ति उत्प्रेरित गर्ने ।

(ञ) पर्यावरणको सुरक्षा, वृक्षरोपण, सरसफाइ, स्वास्थ्य, शिक्षा तथा खानेपानीको प्रबन्धका निम्ति उपयुक्त वातावरण तयार गर्ने ।

(ट) सरकारी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक सम्पर्क र समन्वय राखी विकास कार्यमा सरिक हुने ।

(ठ) जुवा, धूम्रपान, मद्यपान, लागूपदार्थ, दुव्यर्सनजस्ता सामाजिक विकृतिका विरुद्ध जनचेतना जगाउने ।

(ड) अपाङ्ग, असहाय बालक र बृद्धहरूको हितका लागि प्रयत्नशील रहने ।

(ढ) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।

(ण) सार्वजनिक पुस्तकालय, वाचनालय, खेलकूद, सांस्कृतिक क्रियाकलाप आदिको स्थापना र विकासका निमित्त उपयुक्त वातावरण तयार गर्ने र रचनात्मक क्रियाकलापमा संलग्न प्रतिभाहरूको संरक्षण र प्रोत्साहनका लागि क्रियाशील रहन सम्बन्धित निकायलाई जानकारी दिने ।

(त) स्थानीय विकास निर्माण कार्यमा जनसहभागिता जुटाउन सक्रिय रहने र उपभोक्ता समितिलाई आवश्यक सहयोग गर्ने ।

(३) पार्टीको माथिल्लो निकायबाट प्राप्त निर्देशनलाई पालन गर्नु गाउँ वडा, गाउँ, नगर वडा र नगर कार्यसमितिको कर्तव्य हुनेछ ।

(४) गाउँ, नगर वडा र नगर कार्यसमितिको सभापतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलन र क्षेत्रीय कार्यसमितिको गठनः**
(१) संसदीय निर्वाचन क्षेत्रभित्रका प्रत्येक गाउँ र क्षेत्रभित्र परेको नगर वडा अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ कार्यसमिति, नगर वडा र नगर कार्यसमितिका सभापतिहरू मिलेर पार्टीको क्षेत्रीय अधिवेशन बन्नेछ ।

(२) क्षेत्रीय अधिवेशनले आ ना सदस्यहरुमध्येबाट सभापति र महाधिवेशनका लागि कम्तीमा एक जना महिलासहित सात जना प्रतिनिधि तथा जिल्ला कार्यसमितिका लागि दुई जना सदस्यको निर्वाचन गर्नेछ । महाधिवेशनको प्रतिनिधि हुन कम्तीमा पाँच वर्ष र क्षेत्रीय सभापति हुन कम्तीमा तीन वर्ष निरन्तर क्रियाशील सदस्य भएको हुनुपर्नेछ ।

(३) क्षेत्रीय अधिवेशनका सदस्यहरूले उपधारा (२) बमोजिम निर्वाचित महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि तीन जना प्रतिनिधिहरूको निर्वाचन गर्नेछन् ।

(४) उपधारा (२) बमोजिम निर्वाचित सभापतिले क्षेत्रीय अधिवेशनको सदस्यहरु मध्येबाट क्षेत्रीय कार्य समितिको उपसभापति, सचिव, सह-सचिव,

कोषाध्यक्ष र बढीमा १६ (सोह्र) जना सदस्य मनोनीत गर्न सक्नेछ ।

(५) महाधिवेशनका प्रतिनिधि एवं महासमिति सदस्यहरू क्षेत्रीय कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(६) पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सांसद वा पछिल्लो आम निर्वाचनमा प्रतिनिधि सभाका लागि उम्मेद्वार भएको व्यक्ति आफू निर्वाचित भएको वा उम्मेद्वार भएको क्षेत्रको क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको पदेन सदस्य रहनेछ । यस्तो सदस्यलाई निर्वाचनमा भाग लिन र मतदानको अधिकार पनि हुनेछ । तर धारा ५ को उपधारा (९) र धारा ६ को उपधारा (९) को प्रयोग गरेमा यस उपधाराको अधिकार प्रयोग गर्न पाइने छैन ।

(७) क्षेत्रीय कार्यसमितिको सभापति क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलनको पनि सभापति हुनेछ ।

(८) क्षेत्रीय कार्यसमितिले प्रत्येक वर्ष क्षेत्रीय सम्मेलन गर्नुपर्नेछ । क्षेत्रीय अधिवेशनका सदस्यहरु क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।

(९) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षदेखि बाहेक अन्य वर्षहरुमा क्षेत्रीय सम्मेलन बस्नेछ । क्षेत्रीय सम्मेलनले निर्वाचन बाहेक क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

९. **क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार**: क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(१) कम्तीमा पनि वर्षको एक पटक क्षेत्रीय सम्मेलनको बैठक बसी वार्षिक कार्यक्रम स्वीकृत गर्ने तथा क्षेत्रीय कार्यसमितिको मूल्याङ्कन गरी निर्देशन दिने ।

(२) क्षेत्रीय कार्यसमितिको बैठक सामान्यतया दुई महिनामा र बढीमा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) क्षेत्रीय कार्यसमितिले आ नो क्षेत्र अन्तर्गत नगर तथा गाउँ क्षेत्रको निर्वाचनमा पार्टीको तर्फबाट उठ्ने व्यक्तिहरुको उम्मेदवारको प्रार म्भिक नामावलीको सिफारिस गरी जिल्ला कार्यसमितिमा पठाउनेछ साथै क्षेत्रीय कार्यसमितिले प्रतिनिधिसभा र अन्य सबै तहको निर्वाचनको तयारी र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सबै काम गर्नेछ ।

(४) निर्वाचन क्षेत्रको राजनीतिक परिस्थिति, पार्टीका गाउँ तथा नगर एकाइहरूको क्रियाकलाप र अन्य आवश्यक विषयहरूमा जिल्ला कार्यसमितिमा कम्तीमा पनि वार्षिक प्रतिवेदन पठाउने ।

(५) गाउँ, नगर वडा वा नगर कार्यसमितिबाट क्रियाशील सदस्यहरूका बारेमा प्राप्त प्रतिवेदनको आवश्यक छानबिन गरी सम्बन्धित क्रियाशील सदस्यलाई नयाँ दायित्व दिने ।

(६) संसदीय र स्थानीय निर्वाचनमा पार्टीका उम्मेदवारलाई सक्रिय सहयोग पुऱ्याउने ।

(७) जिल्ला कार्यसमिति र गाउँ, नगर वडा तथा नगर कार्यसमितिका बीच सम्बन्धसूत्रको काम गर्ने ।

(८) क्षेत्रीय कार्यसमितिको आर्थिक कारोबारको वार्षिक विवरण जिल्ला कार्यसमितिमा पठाउने ।

(९) गाउँ, नगर र जिल्लासँग सम्पर्क र समन्वय राखी सङ्गठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने ।

(१०) आवश्यकता अनुसार प्रशिक्षण शिविर र गोष्ठी आदि आयोजना गर्ने । पार्टीको उद्देश्य, नीति र कार्यक्रम बारे जानकारी गराउने ।

(११) पार्टी साहित्य, घोषणापत्र तथा अन्य प्रचार-सामग्रीको वितरण र प्रचार-प्रसार गर्ने ।

(१२) जिल्ला कार्यसमितिको निर्देशन पालना गर्नु क्षेत्रीय कार्यसमितिको कर्तव्य हुनेछ ।

(१३) क्षेत्रीय कार्यसमितिले सम्बन्धित इलाकाको क्षेत्रीय कार्यसमितिको सदस्यको संयोजकत्वमा सात सदस्यीय इलाका समिति गठन गर्नेछ । यसको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१४) क्षेत्रीय कार्यसमितिले तोकिएका समिति बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न सक्नेछ ।

(१५) क्षेत्रीय सभापतिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ–

- (क) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र क्षेत्रीय अधिवेशनको निर्णय कार्यान्वयन गर्ने गराउने ।
- (ख) क्षेत्रीय कार्यसमितिका उपसभापति, सचिव, सहसहचिव र कोषाध्यक्ष मनोनयन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।
- (ग) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमितिको गठन:** (१) जिल्लाभित्रको प्रत्येक क्षेत्रीय अधिवेशनका लागि निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ नगर, नगर वडाका कार्यसमितिका सभापतिहरू तथा जिल्लाका सांसद एवं प्रतिनिधि सभाको पछिल्लो निर्वाचनमा पार्टीको उम्मेदवार भएको व्यक्ति र उपधारा (३) बमोजिम जिल्ला सभापतिबाट मनोनीत सदस्य जिल्ला अधिवेशनको सदस्य हुने गरी जिल्ला अधिवेशनको गठन हुनेछ ।

(२) जिल्ला अधिवेशनले कम्तीमा १० वर्ष निरन्तर क्रियाशील सदस्य भएको महाधिवेशनका प्रतिनिधिमध्येबाट जिल्ला कार्यसमितिका लागि

सभापतिको निर्वाचन गर्नेछ । यसरी निर्वाचित हुँदा खसेको मतको पचास प्रतिशतभन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुन: मतदान गरी बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ । तर पहिलो पटक नै दुई जना उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(३) निर्वाचित जिल्ला सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट जिल्ला अधिवेशनका लागि निम्न बमोजिम सङ्ख्यामा सदस्यहरू मनोनीत गर्न सक्नेछ । एक संसदीय निर्वाचन क्षेत्र भएकोमा तीन जना, दुई निर्वाचन क्षेत्र भएकोमा चार जना, तीन निर्वाचन क्षेत्र भएकोमा पाँच जना, चार निर्वाचन क्षेत्र भएकोमा छ जना, पाँच निर्वाचन क्षेत्र भएकोमा सात जना, छ निर्वाचन क्षेत्र भएकोमा आठ जना र सात निर्वाचन क्षेत्र वा सोभन्दा बढी भएकोमा नौ जनासम्म मनोनीत गर्न सक्नेछ । मनोनीत गर्दा पिछडिएका जाति-जनजाति, महिला र प्रजातन्त्रको स्थापना र पुन:स्थापनाको आन्दोलनमा सहभागी भएकाहरूलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) जिल्ला कार्यसमितिका सभापतिले जिल्ला अधिवेशनका सदस्यमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रको प्रतिनिधित्व हुने गरी सोह्र जनासम्म जिल्ला कार्यसमितिको सदस्यमा मनोनीत गर्न सक्नेछ ।

(५) जिल्ला कार्यसमितिमा निम्न बमोजिम सदस्य हुनेछ–

(क) धारा १० को उपधारा (२) बमोजिम निर्वाचित सभापति ।

(ख) धारा ८ को उपधारा (२) बमोजिम जिल्ला कार्यसमितिका लागि निर्वाचित सदस्यहरू ।

(ग) धारा १० को उपधारा (४) बमोजिम मनोनीत सदस्यहरू ।

(६) सभापतिले जिल्ला कार्यसमितिका सदस्य मध्येबाट उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष मनोनीत गर्नेछ ।

(७) जिल्ला सम्मेलनको गठन देहाय बमोजिम हुनेछ–

(क) गाउँ कार्यसमितिका सभापतिहरू ।

(ख) नगर वडा कार्यसमितिका सभापतिहरू ।

(ग) नगर कार्यसमितिका सभापतिहरू ।

(घ) क्षेत्रीय कार्यसमितिका सभापति, उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष,

(ङ) महाधिवेशनका प्रतिनिधिहरू ।

(च) जिल्ला कार्यसमितिका सदस्यहरू ।

(८) यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए पनि एक मात्र संसदीय निर्वाचन क्षेत्र भएको जिल्लामा क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमिति

हुने छैन । त्यस्तो जिल्लामा जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमिति र जिल्ला कार्य सम्पादन समिति मात्र हुनेछ ।

(९) जिल्ला कार्यसमितिले जिल्ला सभापतिको अध्यक्षतामा जिल्ला कार्यसमितिका उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र बढीमा चार जनासम्म कार्यसमितिका सदस्यहरू रहेका जिल्ला कार्य सम्पादन समिति बनाउनेछ । यसरी कार्य सम्पादन समितिमा सदस्य मनोनीत गर्दा दुई जना सदस्य निर्वाचित सदस्यमध्येबाट मनोनयन गर्नुपर्नेछ ।

११. **जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकारः** (१) **जिल्ला अधिवेशन र जिल्ला सम्मेलनको बैठकले जिल्लाको सङ्गठन र कार्यसमितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन** दिने र केन्द्रमा प्रतिवेदन पठाउने । यसरी प्रतिवेदन पठाउँदा महासमितिका सदस्य एवं महाधिवेशनका प्रतिनिधिहरूले दिएको प्रतिवेदनका प्रमुख बुँदाहरूसमेत उल्लेख हुनु अनिवार्य हुनेछ ।

(२) जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा जिल्ला सभापतिको निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ । जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला कार्यसमितिले आवश्यक ठानेका अवस्थामा जिल्ला सम्मेलनको बैठक बोलाउन सक्नेछ ।

(३) जिल्ला कार्यसमितिको बैठक साधारणतया एक महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

(४) क्षेत्रीय कार्यसमितिहरूका बीच समन्वय कायम गर्ने, आवश्यक सहयोग र निर्देशन दिने ।

(५) जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृसंस्थाहरू, शुभेच्छुक संस्थाहरू, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थाहरूसँग सम्पर्क राखी प्रशासनिक दृष्टिबाट समेत हेरी पार्टी हितका निमित्त समास्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।

(६) केन्द्रका निर्णय र निर्देशनहरूको पालन गर्ने गराउने ।

(७) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।

(८) समय-समयमा गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने ।

(९) आ नो जिल्लामा महासमिति वा महाधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।

(१०) राष्ट्रिय र पार्टी महत्त्वका अवसरमा रक्तदान, वृक्षरोपण सर

सफाइ आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।

(११) केन्द्रको निर्देशन पालना गर्नु गराउनु जिल्ला कार्यसमितिको कर्तव्य हुनेछ ।

(१२) जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) जिल्ला कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा जिल्ला कार्यसमितिले गर्ने काम यो समितिले गर्नेछ । आ नो कामको विवरण त्यसपछि बस्ने जिल्ला कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।

(ख) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकायहरू तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाहरूको क्रियाकलापको समीक्षा गर्नेछ ।

(ग) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीहरूसँग विचार-विमर्श गरी समन्वय कायम गर्ने गराउनेछ ।

(१३) जिल्ला कार्यसमितिले जिल्ला सभापति बाहेक जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त भएमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

(१४) जिल्ला कार्यसमितिले आ नो जिल्लाभित्र तोकिए बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।

(१५) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ–

(क) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) जिल्ला कार्यसमिति गठन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।

(ग) तल्लो निकायहरूलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।

(घ) जिल्ला स्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरू तोक्ने ।

(ङ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१६) प्रत्येक वर्ष जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनु पर्नेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन कार्यक्रम र छलफल गरी पारित गर्नेछ । साथै वार्षिक प्रतिवेदन प्रस्तुत अरु विषयमा छलफल र निर्णय गर्नेछ ।

(१७) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठक जिल्ला सभापतिको अध्यक्षतामा बस्नेछ । सभापतिले आवश्यक परेमा निर्णायक मत दिनसक्नेछ ।

११.क **विकास क्षेत्रीय समन्वय समितिको गठनः** (१) **विकास क्षेत्रीय समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ –**

(क) केन्द्रीय सभापतिले केन्द्रीय सदस्यहरुमध्येबाट मनोनीत गरेको व्यक्ति विकास क्षेत्रीय समन्वय समितिको संयोजक हुनेछ ।

(ख) नेपाल अधिराज्यभरिका महासमितिका सदस्यहरु मध्येबाट केन्द्रीय सभापतिले मनोनित गरेको व्यक्ति विकास क्षेत्रीय समन्वय समितिको सदस्य सचिव हुनेछ । विकास क्षेत्रीय समन्वय समितिको सदस्य-सचिव पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(ग) विकास क्षेत्रभित्रका जिल्ला कार्य समितिका सभापतिहरु विकास क्षेत्रीय समन्वय समितिको पदेन सदस्य हुनेछन् ।

११ ख. **विकास क्षेत्रीय समन्वय समिति तथा संयोजक र सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** (१) विकास क्षेत्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

(क) पार्टीको केन्द्रबाट स्वीकृत कार्यक्रम तथा निर्देशनको जिल्लास्तरबाट कार्यान्वयन भए नभएको मूल्याङ्कन गरी केन्द्रमा सुझाव सहितको प्रतिवेदन पठाउने ।

(ख) पार्टीको केन्द्रको निर्देशन पालना गर्नु विकास क्षेत्रीय समन्वय समितिको कर्तव्य हुनेछ ।

(ग) पार्टीको केन्द्रबाट प्रत्यायोजित तथा निर्देशित कार्यहरू गर्ने गराउने ।

(घ) विकास क्षेत्रीय समन्वय समितिले जिल्लाहरूमा पार्टी तथा पार्टीका भ्रातृसंस्था तथा शुभेच्छुक संस्थाहरुको संगठनको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र केन्द्रमा त्यस सम्बन्धी सुझाव एवं प्रतिवेदन पठाउने ।

(ङ) जिल्ला कार्यसमितिहरू बीच समन्वय गर्ने गराउने ।

(च) पार्टीको संगठन विस्तारका लागि विशेष कार्यक्रम बनाई आफू मातहतका जिल्ला कार्य समिति तथा क्षेत्रीय कार्य समिति मार्फत कार्यान्वयन गर्ने गराउने ।

(छ) पार्टीमा जिल्ला संगठनहरुबीच सद्भाव र सक्रियता वृद्धि गर्न, गराउन भ्रमण तथा कार्यक्रमहरु गर्ने, गराउने ।

(ज) पार्टीको हितमा सहयोग पुर्‍याउन तथा पार्टीको कुनै कार्य सम्पन्न गर्न गराउन विकास क्षेत्रीय समन्वय समितिले आवश्यक समिति, उपसमिति वा कार्यटोलीको गठन गरी त्यस्ता समिति, उपसमिति, कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

(झ) वर्षको एक पटक विकास क्षेत्रभित्रका महाधिवेशन प्रतिनिधिहरुको सम्मेलन बोलाई वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र नयाँ कार्यक्रम तथा योजना प्रस्तुत गरी आवश्यक सुझाव र परामर्श लिने ।

(२) **विकास क्षेत्रीय समन्वय समितिको संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–**

(क) विकास क्षेत्रभित्रका जिल्लाहरुको संगठनको विस्तार र सुदृढीकरण गर्ने ।

(ख) पार्टीको केन्द्रीय समिति केन्द्रीय सभापति वा केन्द्रीय कार्यालयबाट प्राप्त नीति-निर्देशनको कार्यान्वयन तथा पालना गर्नु विकास क्षेत्रीय समन्वय समितिको संयोजकको कर्तव्य हुनेछ ।

(ग) विकास क्षेत्रीय समन्वय समितिको अध्यक्षता गर्ने र आवश्यक परेमा निर्णायक मत प्रदान गर्ने ।

(घ) विकास क्षेत्रभित्रका महाधिवेशन प्रतिनिधिहरुको सम्मेलनको अध्यक्षता गर्ने र आवश्यक परेमा निर्णायक मत दिने ।

(ङ) पार्टीको निर्णय कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्ने, त्यस्ता कार्यक्रमको मूल्याङ्कन गरी त्यसको जानकारी माथिल्लो निकायमा पठाउने ।

(च) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) **विकास क्षेत्रीय समन्वय समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) संयोजकको निर्देशनमा विकास क्षेत्रीय समन्वय समितिको बैठक बोलाउने ।

(ख) पार्टीको निर्देशनको पालना गर्नु विकास क्षेत्रीय समन्वय

समितिको सदस्य सचिवको कर्तव्य हुनेछ ।

(ग) विकास क्षेत्रभित्रका महाधिवेशन प्रतिनिधिहरूको वार्षिक सम्मेलनमा प्रतिवेदन पेश गर्ने र सम्मेलनबाट प्राप्त सुझाव र परामर्श कार्यान्वयन गर्ने गराउने ।

(घ) पार्टीको संगठन तथा अन्य विषयमा विकास क्षेत्रीय समन्वय समितिको बैठकमा प्रतिवेदन पेश गर्ने र विकास क्षेत्रीय समन्वय समितिबाट पारित प्रतिवेदन केन्द्रमा पठाउने ।

(ङ) विकास क्षेत्रीय समन्वय समितिको संयोजक मार्फत केन्द्रमा संगठन विस्तार तथा पार्टीको जाँचबुझ सम्बन्धी मूल्याङ्कन प्रतिवेदन पठाउने ।

(च) पार्टीको केन्द्रले तथा विकास क्षेत्रीय समन्वय समितिबाट प्रत्यायोजित काम कुराहरू गर्ने र केन्द्रबाट भएका निर्णय तथा क्षेत्रीय विकास समन्वय समितिको बैठकबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(छ) विकास क्षेत्रीय समन्वय समितिको सदस्य सचिवले विकास क्षेत्रीय समन्वय समितिको सचिवालय प्रमुखको रूपमा काम गर्ने ।

(ज) भ्रातृसंस्था तथा शुभेच्छुक संस्थाको संगठन विस्तारमा आवश्यक सहयोग पु¥याउने तथा त्यस सम्बन्धी प्रतिवेदन विकास क्षेत्रीय समन्वय समिति तथा केन्द्रमा पठाउने ।

## परिच्छेद – ४
## महाधिवेशन र महासमिति

१२. **महाधिवेशनको गठन** : (१) महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

(२) महाधिवेशनको गठन देहायअनुसार हुनेछ–

(क) प्रत्येक क्षेत्रीय अधिवेशनद्वारा निर्वाचित सात-सात जना प्रतिनिधिहरू ।

(ख) केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट मनोनीत गरेका बढीमा तीस जना सदस्यहरू । यसरी मनोनीत गर्दा महिला, दलित, आदिवासी, जनजाति, पिछडिएका वर्ग र अन्य पेसा-व्यवसायमा रहेका विशिष्ट व्यक्तिबाट पनि प्रतिनिधित्व गराइनेछ । यस प्रयोजनका

लागि धारा ८ को उपधारा (२) लागू हुने छैन ।

(ग) निवर्तमान केन्द्रीय सभापति र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य ।

(३) केन्द्रीय सभापति र महामन्त्री महाधिवेशनको सभापति र महामन्त्री रहनेछन् ।

१३. **महाधिवेशनको काम, कर्तव्य र अधिकार** : (१) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) महाधिवेशनले कम्तीमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महासमिति सदस्यहरूमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ । यसरी निर्वाचित हुँदा खसेको मतको ५० प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । पहिलो पटक कुनै पनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुन: मतदान गरिनेछ । पुन: मतदान हुँदा साधारण बहुमत प्राप्त उम्मेदवार विजयी हुनेछ । तर पहिलो पटक नै दुई जना उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(ख) महाधिवेशनका सदस्यहरूले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महासमितिका सदस्यमध्येबाट १८ जना केन्द्रीय कार्यसमितिको सदस्य निर्वाचन गर्नेछ ।

(ग) महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा विचार गरी निर्णय गर्ने ।

(घ) दीर्घकालीन महत्त्वका राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा पार्टीको नीति निर्धारण गर्ने ।

(२) महाधिवेशनले आ नो अधिकार महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **महाधिवेशनको कार्यविधि** : (१)**पार्टीको म**हाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा सामान्यतया प्रत्येक तीन वर्षमा हुनेछ ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ ।

(३) महाधिवेशनको पन्ध्र दिनअगाडि महाधिवेशनका प्रतिनिधिहरूले आ-आ नो जिल्लामार्फत महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनुपर्नेछ ।

१५. **महासमितिको गठन** : (१) महासमितिको गठन देहाय बमोजिम हुनेछः–

(क) केन्द्रीय सभापति ।

(ख) प्रत्येक क्षेत्रीय अधिवेशनबाट निर्वाचित तीन तीन जना सदस्यहरू ।

(ग) केन्द्रीय सभापतिले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट मनोनीत गरेका बढीमा दश जना सदस्यहरू । यसरी मनोनीत गर्दा महिला, दलित, आदिवासी, जनजाति, पिछडिएका वर्ग र अन्य पेसा-व्यवसायमा रहेका विशिष्ट व्यक्तिबाट पनि प्रतिनिधित्व गराइनेछ ।

(घ) निवर्तमान केन्द्रीय सभापति र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य ।

(२) केन्द्रीय सभापति र महामन्त्री महासमितिको सभापति र महामन्त्री र हनेछन् ।

१६. **महासमितिको काम, कर्तव्य र अधिकार** : महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय सभापति र केन्द्रीय कार्यसमितिका सदस्यको निर्वाचन बाहेक महाधिवेशनको सबै कार्य गर्नेछ ।

१७. **महासमितिको कार्यविधि** : (१) महासमितिको साधारण बैठक प्रत्येक एक वर्षमा एक पटक हुनेछ । तर महाधिवेशन हुने वर्षमा भने महासमितिको बैठक हुनेछैन ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महासमितिका चालीस प्रतिशत सदस्यहरूले कारण खोली बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र महासमितिको विशेष बैठक बोलाउनुपर्नेछ ।

## परिच्छेद – ५
## केन्द्रीय कार्यसमिति र अन्य समितिहरू

१८. **केन्द्रीय कार्यसमितिको गठन** : (१) केन्द्रीय कार्यसमितिको गठन देहायबमोजिम हुनेछ–

(क) केन्द्रीय कार्यसमितिमा पदेन सदस्य बाहेक केन्द्रीय सभापति समेत बढीमा ३७ जना सदस्य रहनेछन् ।

(ख) महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका सभापति ।

(ग) महाधिवेशनका सदस्यहरूले कम्तीमा १० वर्ष निरन्तर क्रियाशील सदस्य भएको निर्वाचित महासमिति सदस्यमध्येबाट निर्वाचित भएका १८ जना सदस्य ।

(घ) संसदीय दलको नेता पदेन सदस्य हुनेछ । तर महासमितिको सदस्य नभएमा मतदानको अधिकार हुने छैन ।

(ङ) कम्तीमा १० वर्ष निरन्तर क्रियाशील सदस्य भएको महासमितिका सदस्यहरूमध्येबाट केन्द्रीय सभापतिले मनोनीत गरेका बढीमा १८ जना सदस्य ।

(२) केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका सदस्यहरुमध्येबाट आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सहमहामन्त्री, सहायक महामन्त्रीमा नियुक्ति तथा कार्यविभाजन गर्न सक्नेछ । यसरी नियुक्ति गर्दा आवश्यकताअनुसार केन्द्रीय सभापतिले पार्टीको प्रवक्ता तोक्न वा मनोनयन समेत गर्न सक्नेछ ।

१९. **केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(१) महासमिति र महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।

(२) महासमिति र महाधिवेशनको बैठक नभएको बेला पार्टीसँग सम्बन्धित विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाधिवेशनमा पेस गर्ने ।

(३) महासमिति र महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।

(४) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(५) केन्द्रीय स्तरमा आवश्यकता अनुसार विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने । तिनको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी केन्द्रीय कार्यालयअन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।

(७) पार्टीका भ्रातृसंस्थाहरूलाई सम्बन्धन दिने र आवश्यक निर्देशन दिने ।

(८) पार्टीका विभिन्न निकाय र भ्रातृसंस्थाहरूबाट प्राप्त प्रतिवेदनहरूको छानबिन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाईसमेत गर्ने ।

(९) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलको प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।

(१०) संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(११) अन्तर्राष्ट्रिय भ्रातृसंस्थाहरूसँग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।

(१२) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति उपलब्ध स्रोतको परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्था उपसमिति गठन गर्ने ।

(१३) लेखापरीक्षक नियुक्त गरी दलका सबै तहको आर्थिक व्यवस्थापन स्पष्ट, पारदर्शक र नियमित राख्ने तथा राख्न लगाउने ।

२०. **केन्द्रीय सभापतिको निर्वाचन**: (१)सभापतिका लागि उम्मेदवार हुनचाहने निर्वाचित महासमितिका सदस्यले महाधिवेशनका सदस्यहरूमध्ये कम्तीमा सात जना प्रस्तावक र सात जना समर्थक रहेको मनोनयनपत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।

(२) निर्वाचन समितिले निर्वाचनको मिति र कार्यक्रम तोक्नेछ तथा सम्पन्न गराउनेछ ।

२१. **केन्द्रीय सभापतिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(१) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यकता परे निर्णायक मत प्रदान गर्ने ।

(२) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम सङ्गठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(३) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने वा गराउन लगाउने ।

(४) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।

(५) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र गर्न लगाउने ।

(६) केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनको मनोनीत प्रतिनिधि तथा सदस्यहरु एवं धारा १८ को उपधारा (२) बमोजिम नियुक्त एवं मनोनीत व्यक्तिहरुको आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(७) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(८) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।

(९) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजूरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी जाँचबुझ गर्न सक्नेछ। केन्द्रीय सभापतिले छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ । केन्द्रीय सभापतिले त्यस्तो निलम्बनलाई केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(१०) केन्द्रीय सभापतिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्य सम्पादन गर्न निलम्बन भएको अवधिवसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।

२२. **केन्द्रीय सभापतिको राजीनामा**: (१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा महामन्त्रीमार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) उक्त राजीनामा तत्काल स्वीकृत गर्नुपर्ने देखिएमा केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरी आफूमध्येबाट कार्यवाहक सभापतिको चयन गर्नेछ र विशेष अधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।

(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि उपधारा (२) बमोजिम गरिनेछ ।

२३. **महामन्त्रीको काम, कर्तव्य र अधिकार** : (१)नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ ।

(२) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।

(३) महामन्त्रीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) पार्टीको केन्द्रीय कार्यालय रेखदेख र सञ्चालन गर्ने ।

(ख) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने र महत्त्वपूर्ण विषयमा सभापतिलाई जानकारी दिने ।

(ग) पार्टीको सङ्गठन संरचना दुरुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टीसम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने तथा सुपरिवेक्षण गर्ने गराउने ।

(घ) पार्टीसम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(ङ) केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(च) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(छ) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

२४. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**: कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र संवर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, मासिक सहयोग र कम र अन्य शुभेच्छुक र समर्थकबाट प्राप्त हुने रकम सङ्कलन गर्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार वितरण गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमितिमार्फत महासमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।

(६) केन्द्रीय कार्यसमितिले नियुक्त गरेका लेखापरीक्षकद्वारा पार्टीको वार्षिक लेखापरीक्षण गराई त्यसको प्रतिवेदन केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।

२४क. **पार्टीको कोषः** (१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरु रहनेछन् ।

(क) पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम,

(ख) तोकिए बमोजिम पार्टीका सदस्यहरुबाट प्राप्त हुने रकमहरु,

(ग) अन्य विविध रकम ।

(२) संस्थाको आयव्यय र हिसाब किताबको लेखापरीक्षण पार्टीको केन्द्रीय कार्यसमितिले नियुक्त गरेको लेखापरीक्षकबाट गराइनेछ । लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रतिवेदन लगत्तै बसेको महासमिति तथा महाधिवेशनमा प्रस्तुत गरिनेछ ।

२५. **केन्द्रीय कार्य सम्पादन समितिको गठनः** केन्द्रीय सभापतिको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरु रहने गरी केन्द्रीय कार्य सम्पादन समिति गठन गरिनेछ ।

(१) केन्द्रीय कार्यसमितिको उपसभापति, महामन्त्री, कोषाध्यक्ष, केन्द्रीय कार्य सम्पादन समितिको पदेन सदस्य हुनेछन् ।

(२) संसदीय दलको नेता केन्द्रीय कार्य सम्पादन समितिको पदेन सदस्य हुनेछ ।

(३) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा ७ जना सदस्य चयन गर्नेछ ।

२६. **केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः** (१) केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गर्नुपर्ने काम यो समितिले गर्नेछ ।

(२) आ नो कामको विवरण यथाशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।

(३) पार्टीको केन्द्रीय कार्यालयअन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ ।

(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विचार-विमर्शको आयोजना गर्नेछ ।

२७. **संसदीय समितिको गठन** : (१) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट एक

संसदीय समिति गठन गर्नेछ ।

(२) केन्द्रीय सभापति र महामन्त्री संसदीय समितिको पदेन सभापति र महामन्त्री हुनेछन् ।

(३) संसदीय समितिमा बढीमा सात जना सदस्य कार्यसमितिले तोक्नेछ ।

२८. **संसदीय समितिको काम, कर्तव्य र अधिकार** : (१) संसदीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) पार्टीका तर्फबाट संसद्का लागि हुने निर्वाचनमा उम्मेदवार चयन गर्ने ।

(ख) जिल्ला विकास समितिका सभापति-उपसभापति र नगर पालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवार चयन गर्ने ।

(२) संसदीय समितिले स्थानीय निकायका अन्य पदमा उम्मेदवार चयनका लागि पार्टीको जिल्ला कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **अनुशासन समितिको गठन** : (१) पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।

(२) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्यहरू रहनेछन् ।

(३) जिल्ला कार्यसमितिले आफ्ना सदस्यमध्येहरुबाट तीन सदस्यीय जिल्ला अनुशासन समितिको गठन गर्नेछ । जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । जिल्ला अनुशासन समितिले आ नो प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ । जिल्ला सभापतिले त्यस्तो प्रतिवेदन यथाशीघ्र केन्द्रीय अनुशासन समितिमा पठाउनुपर्नेछ ।

(४) केन्द्रीय अनुशासन समितिले जिल्ला अनुशासन समितिलाई आ ना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) उपधारा (४) बमोजिम अधिकार प्राप्त जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

३०. **केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार** : (१) केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरुद्ध अथवा

विधानको उल्लङ्घन भयो भनी पार्टीका पदाधिकारी तथा सदस्यहरूका विरुद्ध पार्टी निकायबाट पर्न आउने उजूरी सुन्ने, छानबिन गर्ने र निर्णय गर्ने ।

(ख) अनुशासन भङ्ग गर्ने सदस्य र पदाधिकारीहरूमाथि कारवाई गर्दा नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने । त्यस्ता कारवाई गर्दा आ नो सफाइ दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।

(२) निलम्बन गर्दा बढीमा छ महिना र निष्काशन गर्दा बढीमा तीन वर्षका लागि गर्न सकिनेछ ।

(३) केन्द्रीय अनुशासन समितिको निर्णयद्वारा कारवाईमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा सो को सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

३१. **केन्द्रीय निर्वाचन समिति**: (१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।

(२) पार्टीका सबै तहको निर्वाचनमा आवश्यक भएमा गोप्य मतदानद्वारा गरिनेछ । अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरेबमोजिम हुनेछ ।

(३) उपधारा (१) बमोजिम गठन गरिएको केन्द्रीय निर्वाचन समिति महाधिवेशन समाप्त भएको ६० दिनपछि स्वत: विघटन हुनेछ ।

(४) गाउँ, नगर र क्षेत्रस्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा वा हुनआएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय सभापतिले सम्बन्धित जिल्लालाई निर्वाचन गराउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको मितिमा नेपाली कांग्रेसको गाउँ, नगर, क्षेत्र, जिल्ला अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्नेछ ।

३२. **संसदीय दल**: (१) प्रतिनिधि सभा र राष्ट्रिय सभाका पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।

(२) संसदीय दलमा प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको चयन गर्नेछन् ।

(३) संसदीय दलको काम, कर्तव्य र कार्यसञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधानअनुसार हुनेछ ।

# परिच्छेद – ६
## विविध

३३. **पदावधि** : (१) पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको अवधि तीन वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा दुई वर्षसम्मको अवधि बढाउन सक्नेछ ।

(२) पार्टीको क्षेत्रीय तथा जिल्ला सभापतिहरु केन्द्रीय सदस्यमा निर्वाचित भएमा क्षेत्रीय सभापति वा जिल्ला सभापतिको पदबाट स्वत: मुक्त हुनेछन् । वडा, गाउँ, नगर, नगर वडा तथा क्षेत्रीय सभापतिहरु महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य बाहेकका अन्य कुनै माथिल्लो निकायको पदमा निर्वाचित भएमा तल्लो निकायको पदबाट स्वत: मुक्त हुनेछन् ।

३४. **अविश्वासको प्रस्ताव** : (१) पार्टीका सबै तहका सभापतिका विरुद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ ।

(२) यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ ।

३५. **निलम्बन र विघटन**: (१) पार्टीको कुनै निकाय वा पदाधिकारी विधान वा केन्द्रीय निर्देशन विपरीत काममा संलग्न भएको देखिएमा वा निष्क्रिय भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । पार्टीको विघटन भएमा पार्टीको हक र दायित्व प्रचलित कानून बमोजिम हुनेछ ।

३६. **रिक्त स्थानको पूर्ति**: कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ ।

३७. **गणपूरक सङ्ख्या**: पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ ।

३८. **विधान संशोधन** : (१) यो विधानको संशोधन गर्नुपरेमा महाधिवेशनले सम्पूर्ण सदस्य सङ्ख्याको साधारण बहुमतले र महासमितिले सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले संशोधन गर्न सक्नेछ ।

(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र महाधिवेशन वा महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमितिमार्फत प्रस्तुत गर्न सक्नेछन् ।

३९. **नियमावली बनाउने : यो** विधानअनुरूप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

४०. **पार्टीको झण्डा, छाप, चिन्ह र कार्यालयः** (१) **झण्डा–** समान आयाताकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन् । बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता र ङका चार ताराहरू रहनेछन् । तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही बढी हुनेछ ।

(२) छाप – केन्द्रीय कार्यसमितिले तोकेअनुसार सबै तहमा एकै किसिमको छाप हुनेछ ।

(३) चिन्ह – पार्टीको चुनाव चिन्ह "रूख" हुनेछ ।

(४) कार्यालय – पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य कार्यालयहरू आ-आ ना क्षेत्रमा रहनेछन् ।

४१. **विविधः** (१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।

(२) पार्टीभित्रका सबै तहमा मनोनयन गर्दा दश प्रतिशत महिला सदस्य र भौगोलिक, सामाजिक र अन्य महत्त्वपूर्ण पक्षहरूको एवं दलित, जनजाति र विभिन्न पेसा-वर्गबाट समेत प्रतिनिधित्व गराउन ध्यान दिनुपर्नेछ । तर वडा तहदेखि जिल्ला तहसम्मका कार्यसमितिहरूमा सम्बन्धित अधिवेशनका सदस्यहरूमध्येबाट कम्तीमा एक जना दलितलाई समावेश गराइनेछ ।

(३) पार्टीको उद्देश्य र सिद्धान्तलाई मान्ने विभिन्न वर्गीय र सहयोगी संगठनहरुलाई भ्रातृसंस्थाका रूपमा केन्द्रीय कार्यसमितिले मान्यता दिन वा गठन गर्न सक्नेछ । भ्रातृसंस्थाको रूपमा मान्यता प्राप्त संस्थाले पार्टीको नीति र कार्यक्रम तथा निर्देशनको पालना तथा कार्यान्वयन गर्नु भ्रातृसंस्थाको कर्तव्य हुनेछ । पार्टीले आवश्यकता अनुसार भ्रातृसंस्थाहरूको पुनर्गठन तथा विघटन गर्न सक्नेछ । पार्टीका भ्रातृसंस्थाहरु सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) पार्टीसँग आबद्ध नरहेको तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने प्रजातान्त्रिक संघ, संस्था र समूहलाई केन्द्रीय कार्यसमितिले वैचारिक र नीतिगत समन्वय कायम राख्न आवश्यक व्यवस्था गर्न सक्नेछ । यस्ता शुभेच्छुक संस्थाहरुको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जूर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार हुनेछ । तर सो निर्णयलाई पछि हुने महासमिति

वा महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ ।

(६) विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नुपरेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ । त्यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनमा पेस गरी समर्थन प्राप्त गर्नुपर्नेछ ।

(७) पार्टीका सबै तहका समितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आ नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(८) पार्टी सदस्यताको अवधि एक महाधिवेशनदेखि अर्को महाधिवेशनसम्म हुनेछ । तर नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरु हुँदा सदस्यता नवीकरण गर्नुपर्नेछ ।

(९) जिल्ला, क्षेत्र, गाउँ, नगर तथा वडाका सभापतिहरूले राजिनामा दिँदा आफू भन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ । क्षेत्रीय प्रतिनिधिले राजिनामा दिँदा क्षेत्रीय सभापति मार्फत जिल्ला सभापतिलाई दिनुपर्नेछ । महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापति मार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ ।

(१०) जिल्ला, क्षेत्र, गाउँ, नगर तथा वडाका सभापति पद मृत्यु वा राजिनामाको कारणले रिक्त हुन गएमा सम्बन्धित समितिका उपसभापति कार्यवाहक सभापति हुनेछ । उपसभापति नभएको अवस्थामा सम्बन्धित कार्य समितिले कार्यवाहक सभापतिको चयन गर्नेछ । यसरी रिक्त हुन आएको सभापति पदमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । महाधिवेशन तोकिसकिएको अवस्थामा वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नुपर्ने छैन ।

(११) **पार्टी सदस्यता नरहने** : देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन–

(क) पार्टी परित्याग गरेमा ।

(ख) संसद् वा स्थानीय तहको निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरुद्ध बागी उम्मेदवार भई चुनाव लडेमा÷वागी उम्मेदवारको प्रस्तावक÷समर्थक भएमा ।

(ग) पार्टी अनुशासनको कारवाईबाट निष्कासित भएमा ।

(घ) पार्टीको सदस्यता नवीकरण नगरेमा वा नभएमा ।

(१२) केन्द्रीय कार्यसमितिले पार्टीबाट मान्यता प्राप्त स्वदेश बाहिर काम गरिबसेका नेपाली नागरिकहरूको संस्थालाई महाधिवेशन र महासमितिमा तोकिए बमोजिम सङ्ख्यामा प्रतिनिधित्व गराउन सक्नेछ ।

(१३) धारा १० को उपधारा (३) बमोजिम नव निर्वाचित जिल्ला

सभापतिले मनोनीत गरेका जिल्ला अधिवेशनका सदस्य तथा धारा १२ को खण्ड (ख) र धारा १५ को खण्ड (ग) अनुसार नव निर्वाचित केन्द्रीय सभापतिले मनोनीत गरेका महाधिवेशन प्रतिनिधि तथा महासमितिका सदस्यहरुको पदावधि आउने पहिलो जिल्ला अधिवेशन तथा महाधिवेशनसम्म रहनेछ ।

(१४) पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(१५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ । यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ । एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसँग समन्वय राखी काम गर्नुपर्नेछ । यस्तो अवस्थामा नगर कार्यसमितिहरू जिल्ला कार्यसमितिको मातहतमा रहनेछ ।

(१६) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिनेछैन ।

(१७) पार्टीको केन्द्रीय कार्यसमितिको सभापति र जिल्ला कार्यसमितिको सभापतिमा निरन्तर रुपमा दुई पदावधि भन्दा बढी हुनेगरी उम्मेदवार हुन पाउनेछैन ।

४२. **बाधा अड्काउ फुकाउने अधिकार** : यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको त्यस्तो निर्णय पछि हुने महासमिति वा महाधिवेशन समक्ष राखिनेछ ।

४३. **सङ्क्रमणकालीन व्यवस्था**: (१) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाली कांग्रेसका सबै तहका सदस्य, पदाधिकारीहरू यस विधानअनुसार नयाँ निर्वाचन नभएसम्म कायम रहनेछ ।

(२) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत नेपाली कांग्रेसबाट समर्थन र मान्यता पाएका भ्रातृसंस्थाहरू कायमै रहनेछ ।

४४. **बचाउ**: (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम भए गरेका सबै काम कारवाईहरू यसै संशोधित विधानअन्तर्गत भए गरेको मानिनेछ ।

(२) नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम परेका उजूरीहरू यसै संशोधित विधानअनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ ।

●

